

# ८ मेरा मानिसहरुलाई सान्त्वना देऊ

<u>*यस अध्यायका मूल पदहरू:*</u> यशैया ४०:१,२, यशैया ४०:३-८, यशैया ४०:९-११ र यशैया ४०:१२-३१।

<u>*यस अध्यायका मूल सार पद:*</u> **"सियोनलाई शुभ समाचार सुनाउने हो, तिमी अग्लो पर्वतमा जाऊ। यरूशलेमलाई शुभ समाचार सुनाउने हो, जोरसँग तिम्रो सोर उचाल, सोर उचाल, नडराऊ। यहूदाका नगरहरूलाई भन, "हेर, तिमीहरूका परमेश्‍वर यहीं हुनुहुन्छ!" (यशैया ४०:९)।**

दोस्रो विश्‍व युद्ध सन १९४५मा समाप्त भएको थियो। त्यसबेला जापानको एकजना सोइचि योकोई नाम गरेको सिपाहीं ग्वामको जङ्गलमा लुकिरहेको थियो। त्यस जङ्गलमा अमेरिकाको हवाइ जहाजहरूले शान्ति भयो भन्ने पर्चाहरू छरेका थिए। त्यो त अमेरिकाले फसाउने पर्चा हो भनेर त्यस सिपाहींले ठानेको थियो। जापानको राजाको एक बफादारी सैनिक भएकोले आफूले कहिल्यै पनि आत्मसमर्पण नगर्ने सपथ खाएको थियो। बाहिरी सभ्यतासँग उसको सम्पर्क नभएकोले जङ्गलमा जे खानेकुरा भेटयो त्यही खाएर जिएको थियो। उसले आफ्नो जीवन कठिनसँग बिताइरहेको थियो।

दोस्रो विश्‍वयुद्ध समाप्त भएको २७ वर्षपछि सन् १९७२मा केही सिकारीहरू त्यही योकोई रहेको जङ्गलमा सिकार खेल्न आए। तिनीहरूले योकोईले माछा मारिरहेको भेट्टाए। त्यसबेलामात्रै उसले यो थाहा पायो कि उसले पाएको पर्चाले दिएको सन्देश सत्य थियो। जब उसका देशका बाँकि मानिसहरू शान्तिको सुखद अनुभव गर्दै थिए योकोई भने दशकौंसम्म लुकेर तजावमा बिताइरहेको थियो।— ग्वाई गेन, *अलटर कल* (मिशिगन: डायडम, १९९९), पृ. ३०४बाट रूपान्तरित।

शताब्दीयौं अघि यशैया अगमवक्ताद्वारा परमेश्वरले आफ्ना जनहरूलाई तिनीहरूको तनाव र कष्टको वास्तविकरूपमा अन्त्य भयो भनेर सन्देश दिनुभएको थियो। "१ तिमीहरूका परमेश्वर भन्नुहुन्छ, मेरो प्रजालाई सान्त्वना, सान्त्वना। २ विनम्र भएर यरूशलेमलाई भन। त्यसका दासत्वको सेवा पूरा भएको छ, त्यसका पापहरू क्षमा गरिएको छ अनि त्यसले परमप्रभुको हातबाट आफ्ना सबै पापका निम्ति दोबर पाएको छ भनी त्यसलाई घोषणा गर" (यशैया ४०:१-२)।

**यस अध्यायमा त्यस सन्देशको अर्थ के रहेछ हामी हेर्नेछौं।**

## १. भविष्यको निम्ति सान्त्वना (यशैया ४०:१,२)

**यशैया ४०:१,२मा परमेश्वरले उहाँका जनहरूलाई सान्त्वना दिनुहुन्छ। तिनीहरूले पाउने दण्ड आखिरमा अन्त्य भएको थियो। तिनीहरूको दण्ड के थियो त? हेर्नुहोस्, "१ तिमीहरूका परमेश्वर भन्नुहुन्छ, मेरो प्रजालाई सान्त्वना, सान्त्वना। २ विनम्र भएर यरूशलेमलाई भन। त्यसका दासत्वको सेवा पूरा भएको छ, त्यसका पापहरू क्षमा गरिएको छ अनि त्यसले परमप्रभुको हातबाट आफ्ना सबै पापका निम्ति दोबर पाएको छ भनी त्यसलाई घोषणा गर।"**

परमेश्वरतिर पिठ्युँ फर्काएकोले यहूदाका मानिसहरूलाई अश्शूरबाट सजायँ मिलेको थियो, त्यो त खास परमेश्वरको रिसको छडी थियो (यशैया १०)। सनहेरीबका सेनाहरूलाई नाश गरेर परमेश्वरले यहूदालाई उद्धार गर्नुभएको थियो। यो ई.पू. ७०१मा भएको थियो (यशैया ३७)। ती यहूदाका जनहरूलाई बेबिलोनका शासकले युद्ध बन्दी बनाएर लगेको पनि सजायँ थियो। बेबिलोनका राजा मरोडक-बालादानका दूतहरूलाई (यशैया ३९) राजा हेजकियाले आफ्नो धनसम्पत्ति देखाएर परमेश्वरको भन्दा आफ्नो फुर्ति र गौरब देखाएकोमा यहूदालाई दण्ड मिलेको थियो। बेबिलोनका सैनिकहरूले आक्रमण गरेर ती सबै खजानाहरू लुटेर लगेका थिए। मानिसहरूलाई पनि युद्धबन्दी बनाएर लगेका थिए।

यशैया ७:१७देखि ३८:६सम्म अश्शूर र अश्शूरहरू भनेर ४३पल्ट उल्लेख गरिएतापनि यशैयाको बाँकि पुस्तकमा यो देशको नाउँ केवल एक पटकमात्र देखापरेको थियो। यशैया ५२:४मा इजिप्ट अनि अश्शूरहरू भनेर तिनीहरूले गरेको दमनको बारेमा लेखिएको थियो। बेबिलोनमा युद्धबन्दी र

प्रवासी जीवन बिताइरहेकाहरूलाई उद्धार गरिएको विवरण यशैयाको पुस्तकको पछिको अंशमा उल्लेख गरिएको छ (यशैया ४३:१४, यशैया ४७:१, यशैया ४८:१४,२०)। तिनीहरूलाई बेबिलोनलाई जित्ने पर्सियाका राजा साइरस वा कोरेशले ई.पू. ५३९मा यहूदाबाट युद्धबन्दी बनाएर ल्याएका मानिसहरूलाई स्वतन्त्र बनाएका थिए (यशैया ४४:२८, यशैया ४५:१, यशैया ४५:१३)।

यशैया १-३९सम्म ती घट्नाहरूको बारेमा विशेष जोड दिएर लेखिएको छ जुन ई.पू. ७०१मा यहूदालाई अश्शूरहरूको दमनबाट उद्धार गरिएको थियो। तर यशैया अध्याय ४०को सुरुमा १५० वर्षपछि भएको घट्नादेखि बेबिलोनको अन्तको बारेमा लेखेर अघि सर्दछ। बेबिलोनको शक्तिको अन्त ई.पू. ५३९मा भएको थियो। बेबिलोनको राज्यको शक्तिको अन्त भएको केही समयभित्रै यहुदीहरू यहूदामा फर्केका थिए।

**बेबिलोनबाट फर्किने विषय के यशैयाको पुस्तकको सुरुमा उल्लेख गरिएको छ त? यदि छ भने के हो?**

यशैया १-३८ र बाँकि अध्यायहरूलाई जोड्ने ३९ अध्याय हो। अध्याय ३९देखि बाँकि अध्यायहरूमा बेबिलोनको आक्रमण र हेजकियाका पछिका पिँढीका केही सन्तानहरुलाई युद्धबन्दी बनाएर लैजाने भविष्यवाणी कोरिएको थियो (यशैया ३९:६,७)। अझ यशैया १३,१४ र २१मा बेबिलोनको पतन र परमेश्वरका जनहरूलाई गरिने उद्धारको बारेमा यशैयालाई परमेश्वरले दिनुभएको भविष्यवाणीको अंश यशैया १४:१-४मा यसरी उल्लेख गरिएको छः "१ परमप्रभुले याकूबमाथि टिठ्याउनुहुनेछ, र इस्राएललाई फेरि छान्नुहुनेछ, र तिनीहरूलाई उहाँले तिनीहरूको आफ्नै ठाउँमा बसाल्नुहुनेछ। विदेशीहरू तिनीहरूसित मिल्नेछन्, र याकूबका घरानासित उनीहरू मिलेर बस्नेछन्। २ जाति-जातिहरूले तिनीहरूलाई लगेर तिनीहरूकै ठाउँमा पुऱ्याउनेछन्। इस्राएलका घरानाले परमप्रभुको देशमा उनीहरूलाई नोकर-नोकर्नीहरूको रूपमा अधिकार गर्नेछन्। तिनीहरूलाई कैद गर्नेहरूलाई तिनीहरूले कैदी बनाउनेछन्। तिनीहरूलाई अत्याचार गर्नेहरूमाथि तिनीहरूले शासन गर्नेछन्। ३ जब परमप्रभुले तिमीहरूको दुःख, कष्ट र कठोर बन्धनबाट तिमीहरूलाई विश्राम दिनुहुनेछ, ४ तब तिमीहरूले बेबिलोनका राजाको विरुद्धमा यसरी ठट्टा गर्नेछौः अत्याचारीको कसरी पतन भयो! त्यसको रीसको अन्त कसरी भयो!" यशैया ४०:१,२ र यशैया १४:१,२मा व्यक्त गरिएका वचनहरू

एक आपसमा कसरी मिल्दछ त्यो याद गर्नुहोस्। यहाँ आफ्ना जनहरूलाई तिनीहरूको दुःखकष्टको अन्त्य परमेश्वरले गर्नुहुने प्रतिज्ञा लेखिएको छ।

**तपाईं अहिले कुनै न कुनै दुःखकष्ट वा आपदको सामना गरिरहनुभएको होला। तर बाइबलमा ती कष्टहरूको अन्त्यको बारेमा उल्लेख गरिएका प्रतिज्ञाहरूलाई तपाईं के भन्नुहुन्छ? परमेश्वरको ती प्रतिज्ञाहरूबिना हाम्रो विश्वास तथा आस्थाको औचित्य के छ र? त्यसकारण जे भएतापनि ती प्रतिज्ञाहरूलाई पकडि राख्नु हाम्रो निम्ति किन जरुरी छ?**

## २. परमेश्वरको उपस्थिति, उहाँको वचन र उहाँको निम्ति बाटो तयार पार्नु (यशैया ४०:३-८)

**परमेश्वरका जनहरूले सुख, सन्तोष वा सान्त्वना कसरी प्राप्त गर्छन्? हेर्नुहोस, यशैया ४०:१-८ "१ तिमीहरूका परमेश्वर भन्नुहुन्छ, मेरो प्रजालाई सान्त्वना, सान्त्वना। २ विनम्र भएर यरूशलेमलाई भन। त्यसका दासत्वको सेवा पूरा भएको छ, त्यसका पापहरू क्षमा गरिएको छ अनि त्यसले परमप्रभुको हातबाट आफ्ना सबै पापका निम्ति दोबर पाएको छ भनी त्यसलाई घोषणा गर। ३ कसैले बोलाइरहेको एउटा आवाज सुनिन्छः "मरुभूमिमा परमप्रभुको निम्ति बाटो तयार गर। उजाड़-स्थानमा हाम्रा परमेश्वरको निम्ति मूलबाटो समतल बनाऊ। ४ हरेक उपत्यका अल्गो बनाइनेछ, हरेक पर्वत र डाँड़ा होच्याइनेछ। बाङ्गोटेढ़ो जग्गा सीधा बनाइनेछ, र खाल्टाखुल्टी समतल बनाइनेछ। ५ अनि परमप्रभुको महिमा प्रकट गरिनेछ, र सारा मानव-जातिले त्यो एकैसाथ देख्नेछन्, किनकि परमप्रभुको मुखले नै भनेको छ।" ६ एउटा आवाजले भन्छ, "करा।" अनि मैले भने, "म के भनेर कराऊँ?" "सबै प्राणी घाँसजस्तै हुन्, र तिनका सबै गौरव घाँसको फूलजस्ता। ७ घाँस ओइलाउँछ, फूल झरिहाल्छ, किनभने परमप्रभुको सास तीमाथि फुकिन्छ। निश्चय नै मानिसहरू घाँस नै हुन्। ८ घाँस ओइलाउँछ, फूलहरू झरिहाल्छ,
तर हाम्रा परमेश्वरको वचन सधैंभरि अटल रहनेछ।"**

नाउँ नखोलिएको व्यक्तिले परमेश्वर आफ्नो महिमालाई प्रकट गर्न आउँदै हुनुहुन्छ भनेर घोषणा गर्दछ (यशैया ४०:३-५)। मानिसहरू घाँस जस्तै ओइलाउने प्राणी हो भनेर अर्कोले आवाज उठाउँछ अनि थप्छ परमेश्वरको वचन सदा सदा रहिरन्छ (यशैया ४०:८)।

युद्धबन्दी भएर प्रवासी जीवन बिताउने परमेश्वरका जनहरू फर्केर आएपछि तिनीहरूले सिनैको पहाडमा जे गुमाएका थिए त्यो फिर्ता पाएका थिए। तर कालान्तरमा तिनीहरू परमेश्वरलाई विश्वासघात गरेर उहाँप्रतिको आस्थालाई त्यागेका थिए। त्यसको फलस्वरुप तिनीहरूले दण्ड भोगेका थिए। जब परमेश्वरले इस्राएलीहरूसँग करार बाँध्नुभएको थियो उहाँले दुई आधारभूत तत्वहरूको बाचा दिनुभएको थियो। ती थिए, तिनीहरूमा उहाँको उपस्थिति र उहाँको वचन। तिनीहरूको बीचमा पवित्र बासस्थान बनाउँदा यी दुवैले त्यस मन्दिर सजिएको थियो (प्रस्थान २५:८,१६)। तर ती मानिसहरूले परमेश्वरको वचन उल्लङ्घन गरेकाले उहाँले उहाँको मन्दिर पनि त्याग्नुभएको थियो (इजकिएल ९-११)। तर उहाँ फर्केर आउँदै हुनुहुन्छ। उहाँको उपस्थिति र उहाँको वचनमाथि सदासर्बदा भर पर्न सकिने भएकोले उहाँले सुख, चैन, सान्त्वना, उद्धार र आशा ल्याउँछ।

**प्रभुको आगमनको निम्ति तयार हुन के गर्नु आवश्यक छ त? हेर्नुहोस्, यशैया ४०:३-५ "३ कसैले बोलाइरहेको एउटा आवाज सुनिन्छः "मरुभूमिमा परमप्रभुको निम्ति बाटो तयार गर। उजाड़-स्थानमा हाम्रा परमेश्वरको निम्ति मूलबाटो समतल बनाऊ। ४ हरेक उपत्यका अल्गो बनाइनेछ, हरेक पर्वत र डाँड़ा होच्याइनेछ। बाङ्गोटेढ़ो जग्गा सीधा बनाइनेछ, र खाल्टाखुल्टी समतल बनाइनेछ। ५ अनि परमप्रभुको महिमा प्रकट गरिनेछ, र सारा मानव-जातिले त्यो एकैसाथ देख्नेछन्, किनकि परमप्रभुको मुखले नै भनेको छ।"**

जब राजाको सवार हुन्छ तब खाल्डाखुल्टी भएको बाटोमा सवार भएको उचित हुँदैन। राजाको सवारमा कुनै किसिमको धक्काले उनको सवारी हल्लाउनु हुँदैन। त्यसकारण उहाँको सवार हुनुभन्दा पहिले बाटो समतल गर्नु आवश्यक छ। यदि पृथ्वीको राजाको निम्ति सम्म बाटो वा सडक पार्नुपर्छ भने राजाहरूका राजाको सवारमा झन कस्तो हुनुपर्छ त? उहाँ पूर्वबाट आउँदै हुनुहुन्छ जहाँ आफू पनि उहाँका जनहरूसँगै निर्वासनमा जानुभएको थियो। तिनीहरूको निम्ति उहाँ पवित्र मन्दिर हुनुभएको थियो (इजकिएल ११:१६)। त्यसकारण उहाँ फर्किनुहुँदा भद्रगोल र बिग्रिएको बाटो बनाउने काम चानचुनको हुँदैन। यरुशलेमको पूर्वी भागमा राजमार्ग बनाउनुपर्दा खाल्डाखुल्टीले जमिएका पहाडहरूका बाटोहरूलाई सम्म पार्नु आवश्यक हुन्छ। त्यसलाई डाइनमेट पड्काएर र बुलडोजरले सम्म पार्नु आवश्यक

हुन्छ। तर परमेश्वर आफै आउनुहुँदा मानवीय तरिकाले बाटोलाई समतर बनाउन आवश्यक छैन किनभने उहाँ आफै खस्रो वा कठोर स्थानहरूलाई समतल गर्नुहुन्छ (यशैया ४२:१६)। तर उहाँ आउनुहुँदा संसारका राजाहरूलाई चाहिने जस्ता सडकहरूको आवश्यक हुँदैन किनभने उहाँ करुब वा स्वर्गदूतहरूको रथमा चढेर आकाशबाट आउनुहुन्छ (इजकिएल १, ९-११)।

यशैयामा उल्लेखित त्यो भविष्यवाणी बप्तिस्मा दिने यूहन्नाले पूरा गरेका थिए भनेर नयाँ करारमा स्पष्ट पारिएको छ। त्यो राजमार्ग कुनै भौगोलिग वा भौतिक नभएर आत्मिक राजमार्ग तयार पार्ने काम थियो (मत्ती ३:३)। उनको सन्देश थियोः "पश्चाताप गर किनभने परमेश्वरको राज्य नजिकै आइपुगेको छ" (मत्ती ३:२ रूपान्तरित)। जुन बप्तिस्मा यूहन्नाले सम्पन्न गरेका थिए त्यो पापहरूलाई क्षमा दिन पश्चातापको बप्तिस्मा थियो (मर्कूस १:४)। त्यसकारण बाटो खन्ने काम भनेको के हो त? त्यो हो, पश्चाताप र पापबाट फर्कने चाहना जसले गर्दा मानिसले परमेश्वरको क्षमा र उपस्थितिको अनुभव गर्न सक्छ।

यर्मिया ३१:३१-३४मा पनि त्यस्तै खालको सन्देश गुञ्जिएको छः "३१ परमप्रभु भन्नुहुन्छ, "ती दिन आउनेछन्, जब इस्राएलको घरानासँग र यहूदाको घरानासँग म एउटा नयाँ करार स्थापना गर्नेछु। ३२ तिनीहरूका पुर्खाहरूसँग मैले बाँधेको करारजस्तै यो हुनेछैन, जब मैले तिनीहरूलाई हातमा समातेर मिश्रदेशबाट डोऱ्याएर ल्याएको थिएँ।" परमप्रभु भन्नुहुन्छ, "तिनीहरूले मेरो करार भङ्ग गरे, यद्यपि म तिनीहरूका पिता थिएँ।" ३३ परमप्रभु भन्नुहुन्छ, "ती दिनपछि म इस्राएलको घरानासँग यो करार बाँध्नेछु, तिनीहरूका मनमा मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरूका हृदयमा त्यो लेखिदिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु, र तिनीहरू मेरा प्रजा हुनेछन्। ३४ 'परमप्रभुलाई चिन' भनेर अब उसो कुनै मानिसले आफ्नो छिमेकीलाई वा आफ्ना दाजुभाइलाई सिकाउनेछैन। किनकि सानादेखि लिएर ठूलासम्म तिनीहरू सबैले मलाई चिन्नेछन्," परमप्रभु भन्नुहुन्छ। "किनकि तिनीहरूका अपराधहरू म क्षमा गर्नेछु, र म तिनीहरूका पाप फेरि कहिल्यै सम्झनेछैनँ।"

यो सन्देश निर्वासनबाट फर्केर आएका यहूदीहरूको निम्ति थियो। परमेश्वरको निम्ति आत्मिक बाटो तयार पार्न ती मानिसहरूलाई पर्याप्त समय दिइएको थियो। परमेश्वरको निम्ति बाटो तयार पार्नुभनेको आत्मिकरूपमा

आफ्ना भत्किएको, बिग्रिएको परमेश्वरसँगको सम्बन्धलाई सुधार्नु हो भनेर तिनीहरूले बुझ्नु परेको थियो। ताजा वा नयाँ आत्मिक जीवन सुरु गर्न चाहनेहरूलाई परमेश्वरले प्रतिज्ञाहरू दिनुभएको यर्मियाको त्यस वचनमा उल्लेख गरिएको छः उहाँले दिनुहुने नयाँ करारमा उहाँका व्यवस्था वा दश आज्ञाहरू तिनीहरूको हृदयमा राख्नुहुनेछ। अनि उहाँ तिनीहरूको परमेश्वर हुने प्रतिवद्धता उहाँले व्यक्त गर्नुहुन्छ। तिनीहरूले उहाँ र उहाँको चरित्रलाई चिन्नेछन् किनकि उहाँले तिनीहरूलाई क्षमा दिइसक्नुहुन्छ।

**यशैया ४०:६-८ ध्यानपूर्वक पढ्नुहोस्। घाँस जस्तै ओइलिने आशाको निम्ति परमेश्वरको ती वचनहरूले कसरी हौसला तपाईंले पाउन सक्नुहुन्छ? कसमा हाम्रो आशा, भरोसा राख्नुहुन्न भनेर ती पदहरूले हामीलाई सतर्क गराउँछ?**

## ३. सुसमाचार प्रचारकको जन्म (यशैया ४०:९-११)

**यशैया ४०:९-११मा कस्तो खालको घट्नाको वयान गरिएको छ? हेर्नुहोस्, "९ सियोनलाई शुभ समाचार सुनाउने हो, तिमी अग्लो पर्वतमा जाऊ। यरूशलेमलाई शुभ समाचार सुनाउने हो, जोरसँग तिम्रो सोर उचाल, सोर उचाल, नडराऊ। यहूदाका नगरहरूलाई भन, "हेर, तिमीहरूका परमेश्वर यहीं हुनुहुन्छ!" १० हेर, परमप्रभु परमेश्वर पराक्रमसाथ आउँदैहुनुहुन्छ, र उहाँको हातले शासन गर्नुहुन्छ। हेर, उहाँको इनाम उहाँसितै छ, र उहाँको प्रतिफल उहाँकै साथमा छ। ११ उहाँले आफ्नो बगाललाई गोठालाले झैं चराउनुहुन्छ। उहाँले थुमाहरूलाई आफ्नै अँगालोमा लिनुहुन्छ, र तिनीहरूलाई आफ्नै हृदयको नजिक बोक्नुहुन्छ। उहाँले स-साना बच्चा भएकालाई चाहिँ बिस्तार-बिस्तार डोऱ्याउनुहुन्छ।"**

पछि यरुशलेमको निम्ति सुभ समाचार सुनाउने व्यक्ति पुरुष भएको यशैयाले बताउँछन् (यशैया ४१:२७, यशैया ५२:७)। तर यशैया ४०:९मा "परमेश्वर यहाँ हुनुहुन्छ!" भन्ने घोषणा गर्ने **व्यक्ति पुरुष नभएर** स्त्रीको आवाज भएको आभास् दिन्छ। त्यो आवाज पहाडबाट निकालिएको स्वर हो भन्ने तथ्य हिब्रू भाषाले दिन्छ। भजन ६८मा दाउदले परमेश्वरको स्तुति र प्रशंसा गर्दछन् किनभने उहाँले "एकलो मानिसलाई परमेश्वरले परिवारमा बसाल्नुहुन्छ। उहाँ कैदीहरूलाई मुक्त गरी आनन्दित तुल्याउनुहुन्छ,

तर बागीहरूचाहिँ घामले डढ़ेको भूमिमा वास गर्छन्" (भजन ६८:६)। यहाँ दाउदले ती शब्दहरू इस्राएलीहरूलाई इजिप्टको दासत्वबाट छुट्कारा दिइएको हुनाले प्रयोग गरिएको थियो भने यशैयाले त्यही विषयबस्तु दोस्रो "इजिप्ट"को दासत्वबाट छुट्कारा दिने घोषणालाई सम्बोधन गरेको आभास् दिएको छ। त्यो हो बबिलोनको युद्धबन्दीबाट फर्किनु।

त्यसै बीचमा यशैया ४०:३-५का पदहरू नयाँ करारले बप्तिस्मा दिने यूहन्नालाई सम्बोधन गरेको देखाउँछ। उनले ख्रीष्टको निम्ति बाटो तयार पार्ने घोषणा गरेका थिए। येशू अनन्त वचन हुनुहुन्थ्यो जो उहाँका जनहरूको बीचमा भौतिकरूपमा उपस्थित हुनुभएको थियो (यूहन्ना १:१४)।

बप्तिस्मा दिने यूहन्नाले भन्दा अघि नै येशूको आगमनको शुभसन्देस अरूहरूले पनि बोलेका थिए। तिनीहरूमा सबभन्दा पहिले बृद्ध सिमियोन र हन्ना थिए। जब बालक येशूलाई मन्दिरमा समर्पण गर्न उहाँका बुबा र आमाले ल्याएका थिए तब त्यसबेला ती बृद्धहरूले बालक येशूलाई हातमा लिएर उहाँको बारेमा सम्बोधन गरेका थिए (लूका २:२५-३८)। यशैयाले घोषणा गरेको जस्तै ती दुई वृद्धाहरू पुरुष र स्त्री थिए। सिमियोनले इस्राएललाई सान्त्वना र ढाढस मसीह यी नै हुन् भनेर पहिल्याएका थिए (लूका २:२५,२६ "२५ यरूशलेममा शिमियोन नाउँ भएका एक जना मानिस थिए। उनी इस्राएलका सान्त्वनाको आशा गर्ने धर्मी र भक्तजन थिए, र पवित्र आत्मा उनीमाथि हुनुहुन्थ्यो। २६ “परमप्रभुका ख्रीष्टलाई नदेखेसम्म तिमी मर्नेछैनौ” भन्ने प्रकाश उनले पवित्र आत्माबाट पाएका थिए")।

यशैयाको भविष्यवाणी अनुसार अगमवाणीनी हन्ना मन्दिरमा देखा पर्नुपनि संयोग थिएन। उनले सार्वजनिकरूपमै प्रभु आउनुभयो भनेर यरुशलेमको पहाडमा रहेको मन्दिरबाट परमेश्वरका जनहरूलाई घोषणा गरेकी थिइन्: "३६ आशेरको कुलमा फनुएलकी छोरी हन्ना नाउँकी एउटी वृद्ध अगमवादिनी थिइन्, जो कुमारी अवस्थामा विवाह गरेर सातै वर्ष मात्र श्रीमान्सँग बसेकी थिइन्। ३७ अनि विधवा रहेर तिनी चौरासी वर्ष पुगेकी थिइन्। तिनले मन्दिर छोड्दैनथिइन्, तर उपवास र प्रार्थनासाथ रातदिन उपासना गर्दथिइन्। ३८ त्यही बेला तिनले आएर परमेश्वरलाई धन्यवाद दिइन्, र यरूशलेमका उद्धारको प्रतीक्षा गर्ने सबैलाई बालकको विषयमा भनिन्" (लूका २:३६-३८)। येशूको बारेमा सुसमाचार फैलाउने जन्मस्थल यही मन्दिरमा ती बृद्धाद्वारा भएको थियो भनेर हामीले थाहा पाउँछौं। त्यस

सुसमाचारीय सन्देश भनेको मानिसलाई मुक्ति दिन येशू ख्रीष्ट आउनुभयो भन्ने खुशीको खबर हो। पछि त्यही सुसमाचार सुनाउने अभिभारा अर्की स्त्रीलाई येशूले सुम्पन्नु भएको थियो। त्यो थिइन्, मेरी मग्दलिनी जसले येशूको पुनरुत्थानको बिजयको खबर चेलाहरूलाई सुनाउने अवसर पाएकी थिइन् (यूहन्ना २०:१७,१८)। यो काम उनले चेलाहरूको माझमा सम्पन्न गरेकी थिइन्। यसैद्वारा यस पृथ्वीमा उहाँको सुसमाचार प्रचार गर्न सुनिश्चित भएको थियो। मानिसको भौतिक शरीरि घाँस जस्तै हो तर परमेश्वरीय वचन भौतिक शरीर लिएर आउनुहुनेचाहीँ अनन्तको हुनुहुन्छ। हेर्नुहोस्, यशैया ४०:६-८ फेरि "६ एउटा आवाजले भन्छ, "करा।" अनि मैले भने, "म के भनेर कराऊँ?" "सबै प्राणी घाँसजस्तै हुन्, र तिनका सबै गौरव घाँसको फूलजस्ता। ७ घाँस ओइलाउँछ, फूल झरिहाल्छ, किनभने परमप्रभुको सास तीमाथि फुकिन्छ।

निश्चय नै मानिसहरू घाँस नै हुन्। ८ घाँस ओइलाउँछ, फूलहरू झरिहाल्छ, तर हाम्रा परमेश्वरको वचन सधैंभरि अटल रहनेछ।"

**यशैया ४०:११मा दिइएको चित्रण कस्तो खालको छ? हेर्नुहोस्, "११ उहाँले आफ्नो बगाललाई गोठालाले झैं चराउनुहुन्छ। उहाँले थुमाहरूलाई आफ्नै अँगालोमा लिनुहुन्छ, र तिनीहरूलाई आफ्नै हृदयको नजिक बोक्नुहुन्छ। उहाँले स-साना बच्चा भएकालाई चाहिँ बिस्तार-बिस्तार डोऱ्याउनुहुन्छ।" तपाईं आफै परमेश्वरले तपाईंलाई गोठालाले जस्तै स्याहार गर्नुभएको विषयमा सोच्नुहोस्। त्यसबाट तपाईंले के सिक्नुभयो? परमेश्वरले तपाईंलाई कसरी डोऱ्याउनुभयो सो तपाईंले सम्झिन किन अल छ?**

## ४. दयालु सृष्टिकर्ता (यशैया ४०:१२-३१)

**परमेश्वर कृपालु, दयालु र सर्बशक्तिमान हुनुहुन्छ भन्ने विषय यशैया ४० कसरी चित्रण गर्दछ? हेर्नुहोस्, यशैंया ४०:१२-३१ "१२ कसले पानीलाई आफ्नो अँजुलीमा अथवा आफ्नो बित्ताले आकाशलाई नापेको छ? कसले पृथ्वीको माटो डालोमा भरेको छ अथवा पर्वतहरू तराजूमा र डाँड़ाहरूलाई काँटामा जोखेको छ? १३ कसले परमप्रभुको मन बुझेको छ, अथवा उहाँको सल्लाहकार भएर उहाँलाई शिक्षा दिएको छ? १४ बुद्धिको प्रकाशको निम्ति परमप्रभुले कससित सल्लाह लिनुभयो र कसले उहाँलाई ठीक बाटो सिकायो? कसले उहाँलाई ज्ञान सिकायो, अथवा समझको मार्ग देखायो? १५ जाति-जाति त बाल्टीनको एक थोपो पानीजस्तै छन्। तिनीहरू तराजूमा**

टाँसिएका धूलोजस्तै छन्। उहाँले त टापूहरूलाई मसिनो धूलोजस्तै जोख्नुहुन्छ। १६ वेदीका दाउराको निम्ति लेबनान प्रशस्त हुँदैन, न त त्यसमा भएका पशुहरू होमबलिको निम्ति प्रशस्त हुन्छन्। १७ सारा जातिहरू उहाँको सामुन्ने केही पनि होइनन्। उहाँले तिनीहरूलाई बेकामका र केही न केहीका ठान्नुहुन्छ। १८ तब तिमीहरू परमेश्‍वरलाई कससित तुलना गर्नेछौ? अथवा केको प्रतिरूपसित उहाँको तुलना गर्नेछौ? १९ मूर्ति त कारीगरले ढालेर बनाउँछ। सुनारले त्यसमा सुनको जलप लगाउँछ र त्यसको निम्ति चाँदीका सिक्रीहरू बनाउँछ। २० यस्तो भेटी चढ़ाउन नसक्ने साह्रै गरीबले चाहिँ नकुहुने काठ छान्छ। उसले आफ्नो निम्ति खोपेको मूर्ति नहल्लिने गरी बसाल्नलाई कुनै एक निपुण कारीगरलाई खोज्छ।

२१ के तिमीहरूले जानेका छैनौ? के तिमीहरूले सुनेका छैनौ? के यो कुरो तिमीहरूलाई सुरुदेखि नै भनिएको छैन? के पृथ्वीको जग बसालेको बेलादेखि नै तिमीहरूले बुझेका छैनौ? २२ उहाँ पृथ्वीको परिधिभन्दा माथि विराजमान हुनुहुन्छ, र पृथ्वीका मानिसहरूचाहिँ फटेङ्ग्राजस्तै छन्। उहाँले आकाशलाई पर्दाझैं फिँजाउनुहुन्छ, अनि त्यसमा वास गर्नलाई पालझैं त्यो फैलाउनुहुन्छ। २३ उहाँले राजकुमारहरूलाई बेकामका बनाइदिनुहुन्छ, र पृथ्वीका शासकहरूलाई रद्द तुल्याउनुहुन्छ। २४ तिनीहरू रोपिनासाथै, छरिनासाथै, तिनीहरूले जमिनमा जरा हाल्नासाथै, उहाँले तिनीहरूलाई फुकिदिनुहुन्छ र तिनीहरू ओइलाइहाल्छन्, र आँधीले तिनीहरूलाई भुसजस्तै उड़ाएर लैजान्छ।

२५ "तिमीहरू मलाई कोसित तुलना गर्नेछौ? अथवा को मसमान छ?" परमपवित्र भन्नुहुन्छ। २६ तिमीहरूका आँखा माथि उठाएर आकाशलाई हेर, यी सबै कसले बनाएका हुन्? उहाँले नै होइन र, जसले पुञ्जलाई एक-एक गरी ल्याउनुहुन्छ र प्रत्येकलाई नाउँ काढ़ी बोलाउनुहुन्छ। उहाँको ठूलो शक्ति र शक्तिशाली सामर्थ्यको कारण तिनीहरूमध्ये एउटै पनि हराउँदैन।

२७ हे याकूब, तँ किन भन्छस्? हे इस्राएल, तँ किन यस्तो गुनासो पोखाउँछस्? "मेरो बाटो परमप्रभुदेखि लुकेको छ, परमेश्‍वरले मेरो वास्ता गर्नुभएको छैन।" २८ के तँलाई थाहा छैन? के तैंले सुनेको छैनस्? परमप्रभु सदासर्वदा परमेश्‍वर हुनुहुन्छ, पृथ्वीको पल्लो छेउसम्मका सृष्टिकर्ता हुनुहुन्छ। उहाँ न त थकित न हैरान हुनुहुन्छ, र कसैले पनि उहाँको समझलाई नाप्न सक्दैन? २९ उहाँले थकितहरूलाई बल दिनुहुन्छ, र कमजोरहरूको शक्ति

**बढ़ाइदिनुहुन्छ। ३० युवक पनि दुर्बल र थकित हुन्छन्, र जवान मानिसहरू थाकेर लोट्छन्। ३१ तर परमप्रभुको आशा गर्नेहरूको बल फेरि नयाँ हुनेछ। तिनीहरू गरुडझैं माथि-माथि उड्नेछन्, र दगुरेर पनि तिनीहरू थाक्नेछैनन्। तिनीहरू हिँड्नेछन् तापनि मूर्च्छा पर्नेछैनन्।"**

यशैया ४० अध्यायभरि परमेश्वरमा दया, करुणा र शक्ति एकै स्वरले बुनिएका छन्। **परमेश्वर**का जनहरूलाई उद्धार गर्न ती गुणहरूको आवश्यक थियो। उहाँले तिनीहरूलाई मुक्त गर्न चाहनुहुन्छ किनभने उहाँ दयालु हुनुहुन्छ। त्यो काम गर्न उहाँ सक्षम् हुनुहुन्छ किनभने उहाँ सर्बशक्तिमान हुनुहुन्छ। करुणा वा दया (यशैया ४०:१-५): त्यो परमेश्वरबाट उद्धार गरिने सान्त्वनाको वचन, सर्बशक्तिमान (यशैया ४०:३-८): त्यो परमेश्वरको महिमा र कुनै पनि मानवीय शक्तिभन्दा अपार हो। मानवीय कमजोरको बिपरित परमेश्वरको शक्ति महान् छ, दया, करुणाः (यशैया ४०:९-११): उद्धार गर्ने सुखद खबर। परमेश्वर उहाँका जनहरूका गोठाला हुनुहुन्छ, शक्ति (यशैया ४०:१२-२६): उहाँ सृष्टिकर्ता हुनुहुन्छ। उहाँलाई कसैसित दाँज्न सकिँदैन। उहाँ अतुलनीय सृष्टिकर्ता हुनुहुन्छ, दया (यशैया ४०:२७-३१): उहाँ सृष्टिकर्ता हुनुभएको हैशियतले कमजोर र मूर्च्छा हुनेलाई शक्ति दिनुहुन्छ।

परमेश्वरको महिमा र उहाँको अपार शक्तिको व्याख्या गरेपछि (यशैया ४०:३-८) यशैयाले उहाँको शक्ति र उहाँको अपारको बुद्धि तथा ज्ञानको बारेमा यसरी विस्तृतरूपमा व्याख्या गर्छन् कि मानिसहरूका सबै फुर्तिहरू हाँसो जस्तो हुन जान्छ (यशैया ४०:१२-१७)। पृथ्वी र त्यसका भागहरूलाई यशैयाले आफ्नै अलङ्कारिक र जोशिलोपूर्वक सम्बोधन गरेर प्रश्नहरू खडा गर्छन्। झट्ट हेर्दा परमेश्वरले अय्यूबलाई जवाफ दिनुभएको जस्तो देखिन्छ (अय्यूब ३८-३९)।

**जवाफ दिनै पर्ने यशैयाको प्रश्नको जवाफ के हो तः "परमेश्वर जस्तो अरू को छ र (यशैया ४०:१८ रूपान्तरित)?"।**

अय्यूबलाई जस्तो यशैयाको निम्ति पनि जवाफ त्यही छ, त्यो हो, "कोही पनि छैन"। परमेश्वर अतुलनीय हुनुहुन्छ वा उहाँलाई कसैसँग दाँज्न सकिन्दैन। तर यशैयाले आफ्नो प्रश्नलाई पौराणिक समयमा मानेका मूर्तिहरू नै परमेश्वर हुन् भन्ने त्यस समयका मानिसहरूको धारणालाई औंल्याउँछन् (यशैया ४०:१९,२०)।

यस मामिलालाई लिएर यशैयाले जवाफ दिन्छन्। मानिसले बनाएका मूर्तिहरूलाई परमेश्वरसँग दाँज्नु मूर्खतापूर्ण देखिन्छ नै। तर मानिसहरूले निश्चय गरेर थाहा पाउन् भनेर परमेश्वरको विशेषताको बारेमा उनले विस्तृत व्याख्या गर्छन् र परमेश्वर पवित्र सृष्टिकर्ता हुनुहुन्छ भनेर कसैले विवाद गर्न नसकिने तर्क प्रस्तुत गर्छन् (यशैया ४०:२१-२१)।

**यशैयाको सन्देशलाई मानिसहरूले दिएको जवाफमा तिनीहरूको मनस्थिति कस्तो थियो भनेर पद २७ले कसरी देखाउँछ? ("हे याकूब, तिमी किन भन्छौ? हे इस्राएल, तिमी किन यस्तो गुनासो पोखाउँछौ? "मेरो बाटो परमप्रभुदेखि लुकेको छ, परमेश्वरले मेरो वास्ता गर्नुभएको छैन।" यशैया ४०:२७)। यस्तै खालको मनस्थिति हामीमा पनि हुने दोष छैन र?**

आवश्यक भएको सान्त्वना परमेश्वरका जनहरूलाई दिने उहाँको सन्देशको लक्ष्य हो। दुःखकष्ट पाएर अन्यौल र निरुत्साह भएका अय्यूबलाई जस्तै तिनीहरूलाई पनि परमेश्वरको चरित्रको बारेमा त्यस्तै खालका मनस्थिति भएको थियो।

**यस बुँदामा दिएका पदहरू हेर्नुहोस्। ती पदहरूमा परमेश्वर दयालु, करुणामय र शक्तिकोमात्र चर्चा गर्दैन उहाँ सृष्टिकर्ता हुनुहुन्छ भनेर पनि सम्बोधन गरिएको छ। यो सत्य बुझ्न किन महत्त्वपूर्ण छ? प्रत्येक हप्तामा आउने साबथले त्यस निर्णायक विषयलाई मजबुत बनाउन कसरी सहयोग गर्दछ?**

## ५. मूर्तिपूजासँग समस्या (यशैया ४०:१९,२०)

परमेश्वरको ठाउँमा मानिसको हातले बनाएका सृजना गरेका वा बनाएका मूर्ति तथा कलात्मक चित्र, आकाश, धर्ती र पानीका जीवहरूलाई पूजा गर्नु वा परमेश्वर भनेर ढोग्दा आफूलाई त्यस मूर्ति वा कलालाई झार्दा परमेश्वरको चित्तमात्र होइन उहाँसँग हुने विशेष, निजी र पारस्परिक सम्बन्ध पनि नाश हुन्छ (प्रकाश २०:४,५, यशैया ४२:८)। त्यसकारण अगमवक्ता वा परमेश्वरका वचन सुनाउने व्यक्तिहरूले मूर्ति पूजालाई आत्मिक व्यभिचारी भनेर खुलेयाम सम्बोधन गर्छन् (यर्मिया ३:६-९, इजकिएल १६:१५-१९)।

**मूर्तिहरूलाई यशैयाले यशैया ४१:२९मा कसरी चित्रण गरिएको छ? तिनीहरूको बारेमा यहाँ के भनिरहेको छ त्यो तपाईंले कसरी बुझ्नुहुन्छ? जुनसुकै मूर्ति, मानिसले बनाउने आकृतिको बारेमा यहाँ चित्रण गरिएको कस्तो**

ठीक भएको तपाईंले पाउनुहुन्छ? हेर्नुहोस्, "हेर, ती सबै झूटा हुन्! तिनीहरूका काम केही मोलका छैनन्। तिनीहरूका मूर्तिहरू हावा र अलमल मात्र हुन्।" र यशैया ४४:९-२० "९ मूर्तिहरू बनाउने सबै व्यर्थ हुन्, र तिनीहरूले मूल्यवान् सम्झेका वस्तुहरू मूल्यहीन छन्। तिनीहरूको पक्षमा बोल्नेहरू अन्धा छन्, तथा तिनीहरू अबोध भएर आफू शर्ममा परेका छन्। १० कसले देवता बनाउँछ, अथवा खोपेको मूर्तिलाई ढालेर बनाउँछ, जसबाट त्यसलाई केही लाभ हुँदैन। ११ त्यो र त्योजस्ता सबै लाजमा पर्नेछन्। कारीगरहरू केवल मानिसहरू मात्र हुन्। तिनीहरू एकसाथ भेला भएर खड़ा होऊन्। तिनीहरू तर्सिनेछन् र लज्जित हुनेछन्। १२ लोहारले एउटा औजार लिन्छ र भुङ्ग्रामा काम गर्छ, त्यसले घनले हिर्काएर मूर्तिको आकार निकाल्दछ। त्यसले आफ्नो बलियो पाखुराले त्यो काम गर्दछ। त्यो भोकाउँछ, र त्यसको बल घट्छ। त्यसले पानी पिउँदैन र त्यसलाई भाउन्न छुट्छ। १३ सिकर्मीले सूत तानेर सीसाकलमले चिन्ह लाउँछ। त्यसले रामोले चिल्लो पारेर त्यसको आकार निकाल्छ, र परकालले त्यसमा चिन्ह लगाएर पूजा कोठामा राख्नलाई मानिसको सबै सुन्दरताको रूपमा त्यसको आकार निकाल्छ। १४ त्यसले देवदारु काठ अथवा धूपी वा फलाँटको रूख चुन्यो, र वनका अरू रूखहरूसँग त्यसलाई बढ्न दियो। अथवा त्यसले सल्लाको रूख लगायो र वर्षाको पानीले त्यसलाई बढ़ायो। १५ तब त्यो मानिसलाई जलाउनका निम्ति दाउरा हुन्छ, र त्यसले त्यसबाट केही लिएर आफै त्यसको आगो ताप्छ। त्यसले त्यो जलाएर रोटी पकाउँछ। तर त्यसले एउटा देवता पनि बनाएर त्यसलाई पुज्छ। त्यसले त्यसबाट मूर्ति बनाउँछ, र त्यसको अगाड़ि घोप्टो पर्छ। १६ त्यस काठको आधा भाग त्यसले आगोमा जलाउँछ, त्यसमाथि त्यसले आफ्नो खानेकुरा पकाउँछ, त्यसैबाट त्यसले मासु भुट्छ र खान्छ। त्यसले आगो पनि तापेर भन्छ, "अहा! म तातिएँ, मैले आगो देख्न पाएँ।" १७ त्यसको बाँकी भागबाट त्यसले एउटा ईश्वर बनाउँछ, त्यसको मूर्ति। त्यसको सामुन्ने त्यो घोप्टो परेर त्यसलाई पुज्छ, र त्यसलाई प्रार्थना गर्छ र भन्छ, "मलाई बचाउनुहोस्, किनकि तपाईं मेरा ईश्वर हुनुहुन्छ।" १८ तिनीहरू केही जान्दैनन्, तिनीहरूले केही बुझ्दैनन्। तिनीहरूका आँखामा लेप लाइएको छ, यसैले तिनीहरूले देख्न सक्दैनन्, तिनीहरूका मन बन्द गरिएका छन्, र तिनीहरूले बुझ्न सक्दैनन्। १९ कसैले बसेर विचार गर्दैनन्, यसो भन्नलाई कसैसित ज्ञान अथवा समझ छैन, "मैले त्यसको आधा भाग दाउराको रूपमा प्रयोग गरें। त्यसैको आगोमा

**मैले रोटी पनि पोलें। मैले मासु भुटेर खाएँ। के त्यसको बचेको भागबाट मैले घिनलाग्दा थोक बनाउने? के मैले नै रूखको ठुटाको सामुन्ने घोप्टो पर्ने?" २० त्यसले खरानी बुकाउँछ, धोखाबाजी हृदयले त्यसलाई भ्रममा पार्छ। त्यसले आफ्नो प्राणलाई बचाउन सक्दैन, न त भन्न सक्छ, "के मेरो दाहिने हातमा भएको चीज झूटा होइन र?"**

जब मानिसहरूले कुनै मूर्ति वा देवीदेवताका आकारहरूलाई पूजा गर्छन् तब शक्तिशाली भगवानलाई पूजा गरिरहेको भनेर ठान्दछन्। अर्थात् ती आकृति वा मूर्तिहरूद्वारा परमेश्वरलाई पूजा गरिरहेको भनेर विश्वास गर्छन्। सृष्टिकर्ता परमेश्वरको उपासना नगरि अरू कुनै देवीदेवता वा हातले बनाएका मूर्ति वा बस्तुहरूलाई पूजा गर्दा परमेश्वरको पहिलो आज्ञा भङ्ग गरेको ठहर्छः "मेरो अगाडि तिमीहरूको अरू कुनै देवीदेवताहरू हुन्दैन" (प्रस्थान २०:३)। यदि कुनै मूर्तिलाई सत्य परमेश्वर हुनुहुन्छ भनेर मनस्थितिले उपासना गर्छ भने त्यो परमेश्वरले सरासर अस्वीकार गर्नुहुन्छ। पौराणिक इस्राएलमा सुनको बाछ्ालाई परमेश्वर यही हो भनेर पूजा गरेका थिए (प्रस्थान ३२:४,५)। परमेश्वरलाई पशु वा अरू कुनै जन्तुजनावरमा झार्नु उहाँको बेइज्जत गर्नु हो किनभने उहाँ कस्तो हुनुहुन्छ सो कसैलाई पनि थाहा छैन (व्यवस्था ४:१५-१९)। परमेश्वरको अपार, असिमित, अतुलनीय महिमा र महानता कुनै थोक वा बस्तुले प्रतिनिधित्व गर्न सक्दैन। तर मूर्तिलाई नै परमेश्वर भनेर पूजा गर्दा उसले परमेश्वरको ठाउँ लिन खोजिएको हुन्छ। त्यसलाई पूजा गर्नुको अर्थ परमेश्वरको पहिलो र दोस्रो आज्ञाहरूलाई ठाडै उल्लङ्घन गरिएको ठहर्छ।

परमेश्वरका जनहरूलाई मूर्तिको आवश्यक छैन किनभने तिनीहरूसँग उहाँको वास्तविक शेकिनाह वा ज्योतिको उपस्थिति भएको हुन्छ। जब इस्राएलीहरू मरुभूमिमा यात्रा गरिरहेका थिए तिनीहरूसँग परमेश्वरको पवित्र बासस्थान वा पाल पनि हुन्थ्यो र त्यसमाथि परमेश्वरको ज्योति माथिमाथि प्रत्यक्षरूपमा तैरिरहेको हुन्थ्यो। तर मूर्तिलाई नै ढोग्नपुग्दा परमेश्वरको उपस्थितिको सट्टामा उसलाई ढोगेको र उहाँको वास्तविक उपस्थितिलाई अस्वीकार गरेको ठहर्थ्यो।

**आज हाम्रो चर्चमा कुनै पत्थर वा काठको मूर्ति नहोला तैपनि कस्तो खालको मूर्तिहरूको सामना हामीले गर्नुपरिरहेका छौं? के चर्चमा थाहै नपाउने गरि मूर्ति घुसेको हुन्छ त? यदि हुन्छ भनेर कसरी?**

"धेरै क्रिस्चियन हुँ भनेर दावी गर्नेहरूले परमेश्वरभन्दा अरू कुनैको सेवा गरिरहेको हुन्छ। हाम्रो सृष्टिकर्ता परमेश्वरले हाम्रो सम्पूर्ण समर्पणताको अपेक्षा गर्नुहुन्छ। हाम्रो पहिलो निष्ठा उहाँमा हुनुपर्छ। हामीले जे गर्छौं यदि परमेश्वरलाई दिइनुपर्ने हाम्रो प्रेम त्यसलाई दिइन्छ वा उहाँलाई गर्नुपर्ने सेवामा हस्तक्षेप गर्छ भने त्यो हाम्रो निम्ति मूर्ति हुन जान्छ।"-एलेन जी ह्वाइट, द एसडिए बाइबल कमेन्टरी, ठेली २, पृ. १०११-१०१२बाट रूपान्तरित। (यस मामिलामा पावलले त झन ठोकेरै भन्दछन् "१८ मैले धेरै पल्ट बताएका मानिसहरूका बारेमा फेरि पनि म तिमीहरूलाई रुँदै भन्दछु कि तिनीहरू ख्रीष्टका क्रूसका शत्रुहरूजस्तै जीवन बिताउँछन्। १९ विनाश तिनीहरूको अन्त्य हो, *पेट तिनीहरूको ईश्वर हो,* र तिनीहरू आफ्ना शर्ममा गौरव गर्दछन्, र तिनीहरूको मन सांसारिक कुरामा लागिरहन्छ" (फिलिप्पी ३:१८-१९)-अनुवादकको थप)।

पौराणिक समयमा होस् वा आजको समयमा होस् मूर्तिलाई सजाएर पूजा गर्नु आकर्षित हुन गएका थिए र छन् पनि। मूर्तिलाई सुनचाँदीको गहनाले सजाएर र आकर्षित तथा महँगो लुगा लगाइ दिनु भनेकै भौतिकताप्रति आकर्षित हुनु हो। आफ्नो इच्छा वा मनोभावलाई पूरा गर्ने भनेर मूर्तिपूजकहरूले ती मूर्तिहरूलाई शक्तिशाली भगवानको रूपमा पूजा गर्छन र ती मूर्तिहरूले तिनीहरूलाई सन्तान दिन्छन् वा सम्पन्न बनाउँछन् भनेर विश्वास गर्छन्। यसले आफूलाई चाहिएको धर्मको सृजना गरेर पूजा गर्नुभनिन्छ। यो कुनै अनौठो छ र?

परमेश्वरको दोस्रो आगमनको ठीक अघि र जब एलियाले दिएको सन्देश अनुसार परमेश्वरको बाटो तयार पारेर उहासँग मिल्नु अघि प्रत्येक मानिसलाई यशैयाको समयमा जस्तो निर्णय गर्नुपर्ने हुन्छः के तपाईंले सृष्टिकर्ता परमेश्वरको उपसना गर्नुहुन्छ वा अरू कसैको (प्रकाश १३,१४) किनभने हामीले आखिरमा कसै न कसैको पूजा गरिनै रहेका हुन्छौं।

## उपसंहारः

**थप जानकारीः** "परमेश्वरको बारेमा सही जानकारी नहुँदा यशैयको समयमा आत्मिक ज्ञान अन्धकार थियो। मानिसहरूको सृष्टिकर्ता नै पाप, दुःख, कष्टको सृजनहार हुन् भनेर सैतानले धेरै समय अघिदेखि नै तिनीहरूलाई भुलाइरहेको थियो। सैतानको पासोमा परेर धोखा पाएका मानिसहरूले परमेश्वर कठोर र

बलपूर्वक भक्ति र सेवाको असुल गर्ने हुन् भनेर विश्वास गरिरहेका छन्। मानिसहरूको सानोतिनो पाप नै किन नहुन् परमेश्वरले कडा आँखाले हेरिरहनुहुन्छ र दोष दिन तत्पर हुनुहुन्छ साथै मानिसमा भएको पापले गर्दा परमेश्वरले उसलाई सहयोग गर्ने नैतिक वाध्यता छैन भनेर सैतानले मानिसहरूलाई निराशको भूमरीमा पारिरहेको छ। स्वर्गको व्यवस्था नै प्रेम हो भन्ने नीतिलाई धोखेवाजको नाइकेले अर्कै गलत सन्देश दिएर मानिसहरूलाई परमेश्वरको खिलाफमा ठड्याइरहेको छ। परमेश्वरले मानिसहरूको आनन्द र सुखी चाहनुहुन्न र उहाँले बोक्नै नसक्ने आज्ञाहरू बोक्न लगाउनुहुन्छ र तिनीहरूबाट भाग्न पाए असल हुन्छ भन्ने खालका सन्देशहरू सैतानले दिइरहेको पाउँछौं। परमेश्वरका दश आज्ञाहरू पालन गर्न सकिंदैन (वा यो पुरानो इस्राएलीहरूलाई दिइएको व्यवस्था हो, हामी नयाँ करारमा छौं र त्यसको पालन गर्नु पर्दैन भनेर इसाईहरूले नै सिकाइरहेको पाइन्छ), ती आज्ञाहरूलाई उलङ्घन गर्दा दण्ड पाइन्छ र त्यो जबरजस्ती मानिसहरूलाई लादिएको हो भन्ने आरोपहरूलाई सैतानले बढो चलाखीका साथ फैलाइरहेको हुन्छ।"-एलेन जी ह्वाइट, प्रोफेटस एण्ड किङ्गस, पृ. ३बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **यशैया ४०:१२-३१को सन्देश आफ्नै शब्दहरूमा उतार्नुहोस्। हेर्नुहोस, " १२ कसले पानीलाई आफ्नो अँजुलीमा अथवा आफ्नो बित्ताले आकाशलाई नापेको छ? कसले पृथ्वीको माटो डालोमा भरेको छ अथवा पर्वतहरू तराजूमा र डाँड़ाहरूलाई काँटामा जोखेको छ? १३ कसले परमप्रभुको मन बुझेको छ, अथवा उहाँको सल्लाहकार भएर उहाँलाई शिक्षा दिएको छ? १४ बुद्धिको प्रकाशको निम्ति परमप्रभुले कससित सल्लाह लिनुभयो र कसले उहाँलाई ठीक बाटो सिकायो? कसले उहाँलाई ज्ञान सिकायो, अथवा समझको मार्ग देखायो? १५ जाति-जाति त बाल्टीको एक थोपो पानीजस्तै छन्। तिनीहरू तराजूमा टाँसिएका धूलोजस्तै छन्। उहाँले त टापूहरूलाई मसिनो धूलोजस्तै जोख्नुहुन्छ। १६ वेदीका दाउराको निम्ति लेबनान प्रशस्त हुँदैन, न त त्यसमा भएका पशुहरू होमबलिको निम्ति प्रशस्त हुन्छन्। १७ सारा जातिहरू उहाँको सामुन्ने केही पनि होइनन्। उहाँले**

तिनीहरूलाई बेकामका र केही न केहीका ठान्नुहुन्छ। १८ तब
तिमीहरू परमेश्वरलाई कससित तुलना गर्नेछौ? अथवा केको
प्रतिरूपसित उहाँको तुलना गर्नेछौ? १९ मूर्ति त कारीगरले ढालेर
बनाउँछ। सुनारले त्यसमा सुनको जलप लगाउँछ र त्यसको
निम्ति चाँदीका सिक्रीहरू बनाउँछ। २० यस्तो भेटी चढ़ाउन
नसक्ने साह्रै गरीबले चाहिँ नकुहुने काठ छान्छ। उसले आफ्नो
निम्ति खोपेको मूर्ति नहल्लिने गरी बसाल्नलाई कुनै एक निपुण
कारीगरलाई खोज्छ। २१ के तिमीहरूले जानेका छैनौ? के
तिमीहरूले सुनेका छैनौ? के यो कुरो तिमीहरूलाई सुरुदेखि नै
भनिएको छैन? के पृथ्वीको जग बसालेको बेलादेखि नै तिमीहरूले
बुझेका छैनौ? २२ उहाँ पृथ्वीको परिधिभन्दा माथि विराजमान
हुनुहुन्छ, र पृथ्वीका मानिसहरूचाहिँ फटेङ्ग्राजस्तै छन्। उहाँले
आकाशलाई पर्दाझैं फिँजाउनुहुन्छ, अनि त्यसमा वास गर्नलाई
पालझैं त्यो फैलाउनुहुन्छ। २३ उहाँले राजकुमारहरूलाई
बेकामका बनाइदिनुहुन्छ, र पृथ्वीका शासकहरूलाई रद्द
तुल्याउनुहुन्छ। २४ तिनीहरू रोपिनासाथै, छरिनासाथै, तिनीहरूले
जमिनमा जरा हाल्नासाथै, उहाँले तिनीहरूलाई फुकिदिनुहुन्छ र
तिनीहरू ओइलाइहाल्छन्, र आँधीले तिनीहरूलाई भुसजस्तै
उड़ाएर लैजान्छ। २५ "तिमीहरू मलाई कोसित तुलना गर्नेछौ?
अथवा को मसमान छ?" परमपवित्र भन्नुहुन्छ। २६ तिमीहरूका
आँखा माथि उठाएर आकाशलाई हेर, यी सबै कसले बनाएका
हुन्? उहाँले नै होइन र, जसले पुञ्जलाई एक-एक गरी
ल्याउनुहुन्छ र प्रत्येकलाई नाउँ काढ़ी बोलाउनुहुन्छ। उहाँको
ठूलो शक्ति र शक्तिशाली सामर्थ्यको कारण तिनीहरूमध्ये एउटै
पनि हराउँदैन। २७ हे याकूब, तँ किन भन्छस्? हे इस्राएल, तँ
किन यस्तो गुनासो पोखाउँछस्? "मेरो बाटो परमप्रभुदेखि लुकेको
छ, परमेश्वरले मेरो वास्ता गर्नुभएको छैन।" २८ के तिमीलाई
थाहा छैन? के तिमीले सुनेको छैनौ? परमप्रभु सदासर्वदा परमेश्वर
हुनुहुन्छ, पृथ्वीको पल्लो छेउसम्मका सृष्टिकर्ता हुनुहुन्छ। उहाँ
न त थकित न हैरान हुनुहुन्छ, र कसैले पनि उहाँको समझलाई
नाप्न सक्दैन? २९ उहाँले थकितहरूलाई बल दिनुहुन्छ, र

कमजोरहरूको शक्ति बढ़ाइदिनुहुन्छ। ३० युवक पनि दुर्बल र थकित हुन्छन्, र जवान मानिसहरू थाकेर लोट्छन्। ३१ तर परमप्रभुको आशा गर्नेहरूको बल फेरि नयाँ हुनेछ। तिनीहरू गरुडझैं माथि-माथि उड्नेछन्, र दगुरेर पनि तिनीहरू थाक्नेछैनन्। तिनीहरू हिँड्नेछन् तापनि मूर्च्छा पर्नेछैनन्।" यहाँ उल्लेख गरिएका मूर्तिका चित्रणहरूलाई मानिसका आधुनिक मूर्तिहरूसँग तुलना गर्नुहोस। आधुनिक वैज्ञानिक आविष्कारहरू पनि परमेश्वरको अचम्मको शक्तिको सामु के फूर्ति लाउन सकिने खालको छ र?

आ घाँस जस्तो ओइलाउने मानव जीवनको सामु परमेश्वरको अपार वचनकोबारेमा गरिएको वर्णनलाई सोच्नुहोस् (यशैया ४०:६-८)। मृत्युदेखि तपाईं डराउनुहुन्छ होला। तर तपाईंमा भएको पुनरुत्थानको आशाले त्यस डरलाई कसरी मत्थर पार्न सक्नुहुन्छ? हेर्नुहोस्, अय्यूब १९:२५-२७ २५ तर म जान्दछु, मेरा उद्धारक जीवित हुनुहुन्छ, सबैभन्दा अन्तिम समयमा उहाँ पृथ्वीमा खड़ा हुनुहुनेछ। २६ अनि मेरा छाला नाश गरिसकेपछि, मेरो शरीरमै म परमेश्वरलाई देख्नेछु। २७ म आफ्नै आँखाले उहाँलाई देख्नेछु, आफैले नै देख्नेछु अरू कसैले होइन। मेरो हृदय मभित्रै कति लालयत बन्छ!", दानिएल १२:२,३ " २ पृथ्वीको धूलोमा सुतेका भीड़हरू उठ्नेछन्, केही अनन्त जीवनको लागि र अरूहरूचाहिँ शर्म र अनन्त तिरस्कारको लागि। ३ बुद्धिमान्हरू आकाशको चमकजस्तै र धेरैलाई धार्मिकतामा डोऱ्याउनेहरूचाहिँ ताराहरूजस्तै सदासर्वदै चम्किरहनेछन्।", १ कोरन्थी १५:५१-५७ " ५१ हेर, म तिमीहरूलाई एउटा रहस्य भन्दछु, हामी सबै सुत्दैनौं, तर हामी सबैको परिवर्तन हुनेछ, ५२ एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको आखिरी आवाजमा। किनभने, तुरही बज्नेछ, र मृतकहरू अविनाशी भएर जीवित हुनेछन्। अनि हाम्रोचाहिँ परिवर्तन हुनेछ। ५३ किनकि यस विनाशी स्वभावले अविनाशी, र यस मरणशील शरीरले अमरत्व धारण गर्नुपर्छ। ५४ जब विनाशीले अविनाशी र मरणशीलले अमरत्व धारण गर्छ, तब लेखिएको त्यो वचन पूरा हुनेछ, "मृत्यु विजयमा निलिएको

छ।" ५५ "ए मृत्यु, तेरो विजय कहाँ? ए मृत्यु, तेरो खील कहाँ?" ५६ मृत्युको खील पाप हो, र पापको शक्ति व्यवस्था हो। ५७ तर परमेश्‍वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ।" र १ थेस्सोलिनिकी ४:१३-१८ "१३ तर भाइ हो, सुतिगएकाहरूका विषयमा तिमीहरू अजान बस भन्ने हामी इच्छा गर्दैनौं, र तिमीहरूले आशा नहुने मानिसहरूजस्ता शोक गर्नु नपरोस्। १४ किनकि हामी विश्‍वास गर्छौं, कि येशू मर्नुभयो र फेरि जिइउठ्नुभयो र त्यसरी नै परमेश्‍वरले उहाँमा सुतिगएकाहरूलाई येशूद्वारा ल्याउनुहुनेछ। १५ प्रभुको वचनद्वारा हामी तिमीहरूलाई घोषणा गर्छौं, कि हामी, जो जीवित छौं र प्रभुको पुनरागमनसम्म बाँचिरहन्छौं, सुतिगएकाहरूलाई कुनै किसिमले पनि उछिन्नेछैनौं। १६ किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्‍वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। १७ तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं। १८ यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ।"

इ यदि यशैया ४०:१२-३१लाई तपाईंले आत्मसात् गर्न सक्नुभयो भने तपाईमा भएको कुनै पनि घमण्ड, भाऊ खोज्ने प्रवृत्ति र अहङ्कारलाई कसरी हटाउन सक्नुहुन्छ?

**सारांशः** कष्ट भोगिरहेका मानिसहरूको निम्ति परमेश्‍वरले यशैयाबाट सान्त्वना दिनुभएको थियो। तिनीहरूको दुःखकष्टको समयको अन्त्य भइसकेको थियो। तिनीहरूतिर परमेश्‍वर फर्किरहनुभएको थियो। तिनीहरू निराश र अन्यौलमा पर्नुको सट्टा तिनीहरूले परमेश्‍वरको तिनीहरूको निम्ति सृजना गर्नुहुने शक्तिलाई प्रयोग गरेर तिनीहरूले परमेश्‍वरमाथि भरोसा गर्न सकिन्थे।

## कथा ८
## साबथमा कार दुर्घट्ना हुन्छ
## आना खिच्न्याकोभा, ३२, रुस

रुसको पूर्वमा रहेको बिकट गाउँको आफ्नो घरमा इन्टरनेट राख्न १६ वर्षकी आनाले ठूलो चाहना गरिन्। यो सन २००३को कुरो थियो र नयाँ कुराबाट उनी बँचित हुन चाहेकी थिइनन्। एक दिन शनिबार बाबु र आमा आफ्नो कारमा राखेर आनालाई इन्टरनेटको निम्ति चाहिने सामान मोडेम किन्न जाने कुरा भयो। तिनीहरू सेभेन्थ-डे एडभेन्टिस्ट थिएन। तर आनाचाहीँ आफ्नी हजुर आमाबाट येशूको बारेमा सुनेपछि एक वर्ष अघि बप्तिस्मा लिएकी थिइन्। उनलाई थाहा थियो कि साबथमा पसल जानु गलत थियो तैपनि उनलाई इन्टरनेट चाहेको थियो।

अनि उनलाई उनलाई यो अन्तिम याद आएको थियो कि उनी घरबाट बाहिर निस्केर कारमा पसेकी थिइन्। केभएको थियो भनेर उनको हजुर आमाले उनलाई पछि भनिन्। जाडोको मौसम थियो र सडक चिसोले भिजेको थियो। त्यसबेला आनाको बुबाले कारलाई चिप्लो सडकमा तिब्र गतिमा हाँक्दै थिए। तर अचानक कार चिप्लेर अर्को बाटोमा गयो जहाँ एउटा आइरहेको ट्रकमा ठोकिन पुग्यो। त्यस दुर्घटनामा उनको बुबा र आमाको दुःखद निधन भयो। ट्रकको ड्राइभरको खुट्टा भाँचेको थियो। आना अचेत अवस्थामा अस्पताल भर्ना गरियो। उनी बाँच्दैन भनेर डाक्टरले भनेका थिए। उनको निम्ति हजुर आमाले उपबास बसेर प्रार्थना गरे र अरू साथीहरूलाई पनि आफूसँग आनाको निम्ति उपबास र प्रार्थना गर्न अनुरोध गरिन्। तीन दिनपछि आनाको होस खोल्दा डाक्टर अचम्म माने। उनी छिट्टै निको भयो। दुई महिनापछि उनी स्कूलमा जान थालिन् र अरू साथीहरूसँग दस कक्षा पास गरिन्। हजुर आमा आनाको घरमा बस्न आइन्। आनालाई चाहिने शारीरिक र आत्मिक टेवा दिन उनी आएकी थिइन्। उनको घर रुसको प्रिमोरिया क्षेत्रको नोशाटिन्सक गाउँमा थियो। तर आना अत्यन्तै उदासिन र आफू अन्धकारको भुमरीमा परेको महसुस गरिन्। आफ्ना बाबुआमा मरेकोले आफू दोषी भएको सम्झिरहेकी थिइन्। उनले परमेश्वरलाई दोष दिएन। उनलाई थाहा थियो कि परमेश्वरले मानिसलाई मार्नुहुन्न। तर उनलाई यो पनि थाहा थियो कि शाबथमा पसल जानु गल्ती थियो। शनिबारको दिन आफ्ना

बाबुआमालाई घरमै बस भनेको भए हुने थियो भनेर दिक्क मान्दै थिइन्। साबथ पछि पसल गएको भए हुने नै थियो। आफ्नै दोषको कारण आफ्ना बाबुआमाको निधन भएको उनले सोचिन्। जब उनी समुद्रको किनारामा रहेको भ्लाडिभोस्टक सहरको विश्वविद्यालयमा पढ्न गइन्। त्यो उनको घरभन्दा टाढा थियो। त्यहाँ भएको केवल एउटामात्र एडभेन्टिस्ट चर्चमा उनी जान्थिन् तर हरेक साबथ उनी चर्चमा जान्दैनथी। हजुर आमालाई खुशी पार्नमात्र उनी चर्च जान्थिन्। उनलाई थाहा थियो कि उनी आत्मिक जीवनलाई वेवास्ता गरिरहेकी छिन्। त्यसले गर्दा उनी झन झन उदासिन भइन्। हजुर आमाले उनको निम्ति सधैं प्रार्थना गर्थी। हजुर आमाले उनलाई दिनदिनै फोन गर्थिन्।

"तिमीले आज बाइबल पढ्यौ?" हजुर आमाले नरम भएर सोध्थिन्। यदि आनाले बाइबल पढेको छु भन्यो भने उनले केको बारेमा पढ्यो भनेर जिज्ञासा राख्थिन्। "तिमीले आज प्रार्थना गऱ्यौ? प्रार्थना गर्न नबिर्स" हजुर आमाले सम्झाउँथिन्। आनाको मनमा भइरहेको दुःख फोनबाट भन्नु भनेर हजुर आमाले भन्थिन् र उनीसँग फोनमै प्रार्थना गर्थिन्। विश्वविद्यालयमा उनले एक जना एडभेन्टिस्ट अध्यापक भेटिन् जसले उनलाई होमवर्कमा सहयोग गर्थे। उक्त अध्यापकले आनासँग प्रार्थना पनि गर्थे र उनको लागि प्रार्थना गर्न चर्चका विश्वासीहरूलाई पनि उनले अनुरोध गरेका थिए। आनाले आफ्नै बप्तिस्माको बारेमा सम्झिन् र क्षमाको निम्ति प्रार्थना गरिन्।

एक दिन उनले परमेश्वरसँग यो प्रार्थना गरिन् "हे प्रिय प्रभु, मेरो जीवन गलतबाटो तिर गइरहेको मलाई थाहा छ। म अन्धकारमा जिइरहेको छु। तपाईंबिना मेरो जीवनको कुनै अर्थ छैन। चर्चमा असल साथीहरू बनाउन सहयोग गर्नुहोस्। मेरो अनुहार दिक्क लाग्दो छ। मलाई मिलनसार बनाउनुहोस्। मेरो मन खुला हुन सिकाउनुहोस्। प्रार्थना गर्न र बाइबल पढ्न मलाई याद दिलाउनुहोस्।"

त्यस दिनदेखि आनाले बराबर प्रार्थना गरेर परमेश्वरसँग कुरा गर्न थालिन् र एलेन जी ह्वाइटको "द ग्रेट कन्त्रोभर्सी" पढ्न थालिन्। यो पुस्तक उनको हजुर आमाले केही समय अघि दिएको थियो। मार्टिन लुथर र अरू सुधारवादी इसाईहरूले पाएको दुःख उनले देखिन्। अत्यन्तै दुष्टहरूलाई पनि परमेश्वरले क्षमा दिनुभएको उनले महसुस गरिन्। उनका केही खराब बानीहरू पनि उनले त्यागिन्। हजुर आमाले फोन गर्नको सट्टा उनैले हरेक दिन उनलाई फोन गर्न थालिन्। उनको विश्वास बढ्दै गयो र प्रत्येक हप्ता चर्चमा

खुबै आनन्दित भएर जान थालिन्। त्यहाँ परमेश्वरको बारेमा अझ जान्न प्रयास गरिन्। परमेश्वरले उनका पापहरू क्षमा दिनुभयो भनेर उनले बुझिन्। त्यो पापको बारेमा उनलाई घचघचाइरहनेछैन भनेर पनि बुझिन्। उनको हृदयबाट ठूलो भारी झरेको थियो।

आज आना वर्ष ३२की छिन्। उनी विश्वविद्यालयमै अध्यापकको रूपमा काम गर्छिन्। उनी पाथफाइन्डरको  अगुवा पनि हो र चर्चको सचिब भएर चर्चको सेवा गर्छिन्। दुर्घट्ना किन भयो त्यो उनले सोच्न पनि सकेको छैन तर अब त्यसको बारेमा उनले सुर्ता गर्दिनन्। "त्यो दुर्घटनाको दोष मेरो होइन भनेर धेरैले सम्झाउन खोजेका थिए। तर जे भएतापनि बिनाकारण हुन सक्दैन भन्ने कुरा मलाई थाहा छ। सन्जोगले भएतापनि यो शाबथमा भएको तथ्यलाई लुकाउन सकिन्दैन। के हुनेभएको हुन्थ्यो भनेर अहिले पनि म सम्झन्छु। तर त्यस दुर्घट्नाले मेरो जीवन नै परिवर्तन भएको थियो। दुर्घटना हुनु भन्दा अघि मेरो जीवन अर्कै थियो र दुर्घट्नापछि मेरो जीवन अर्कै भयो" आनाले यस लेखकलाई भनिन्।

यस कथा रचुँञ्जेल आनाकी हजुर आमा वर्ष ८०की छिन् र उनको प्रार्थनाको निम्ति आना आभारित छिन्। हजुर आमा र चर्चका विश्वासीहरूले प्रार्थना गर्दा उनको जीवन परिवर्तन भएको छ।

"चर्चले मेरो निम्ति प्रार्थना गरेकोमा धेरै समस्याहरू समाधान भएको म बुझ्छु। परमेश्वरबिनाको जीवन केही अर्थ छैन" उनले थप्छिन्।

**-आन्ड्र्यु मेकचेस्नी**